# श्री राष्ट्रिय मानव अधिकार आयोगमा पेश गरेको

# उजुरी पत्र

विषयः न्यायको हकबाट बन्चित गर्नेगरि अदालतको आदेशको समेत अबज्ञा गर्ने बहालवाला गृहमन्त्रि र प्रहरी महानिरीक्षकका स्वेच्छाचारी कदम रोकि कानुन बमोजिम कसुरदारलाई सजाय गरी पाउँन नेपाल सरकारका गृहमन्त्रि र प्रहरी महानिरीक्षकको नाउँमा निर्देशनात्मक आदेश जारी गरी पाऊँ ।

त्रिभूवन बिश्वबिद्यालय, समाजशास्त्र केन्द्रीय विभागमा उप प्राध्यापक पदमा कार्यरत प्रेम बहादुर चलाउने................................१

निवेदक/उजुरकर्ता

विरुद्द

नेपाल सरकार गृह मन्त्रालय....................................................१

प्रहरी महानिरीक्षकको कार्यलय, प्रहरी प्रधान कार्यलय कार्यालय, नक्शाल, काठमाण्डौ..............................................................१

विपक्षी

म निवेदक निम्नबमोजिम व्यहोराको उजुरी निवेदन गर्दछुः

१. म निवेदक जाहेरवाला तथा पिडित भई हरी प्रशाद आचार्य समेत ७ जना प्रतिवादी भएको ज्यान मार्ने उद्योग (०७७-C१-०४३०) मुद्दामा श्री काठमाण्डौ जिल्ला अदालतबाट मिति २०८० साल मार्गशीर ७ गते फैसला भइ एक जना दीपक ओझालाइ सफाइ र बाँकि ६ जना क्रमशः योगेन्द्र रावल, षयुष भन्ने सयुज श्रेष्ट, रबिन कुमार लामा, रुपेश साह, हरी प्रशाद आचार्य र निरज राना मगर लाइ २ बर्ष कैद, जरीबाना र क्षतिपूर्ति भराउने आदेश भएको थियो । उक्त मुद्दाको (८०-CS-१२०६) नंबरको पुनराबेदनको रोहमा समेत सुनुबाइ भइ यहि मिति २०८१ साल माघ २२ गते उच्च अदालत पाटनले पनि क्षतिपूर्तिको रकम सामान्य हेरफेर बाहेक उक्त जिल्ला अदालत काठमाण्डौकै फैसलालाइ सदर गरेको थियो । यस बिच कसुरदार ठहरिएका ६ जना मध्ये दुइ जना क्रमशः षयुष

भन्ने सयुज श्रेष्ट र रबिन कुमार लामा जिल्ला अदालतको फैसला पश्चात लगत्तै पकाउ परेर जेल चलान भएका थिए । यी मध्येका दुइ जना हरी प्रशाद आचार्य र निरज राना मगर भागेर अमेरिका र अष्ट्रेलिया पुगेकोमा उच्च अदालत पाटनमा जम्मा चार जना षयुष भन्ने सयुज श्रेष्ट, रबिन कुमार लामा, योगेन्द्र रावल र रुपेश साहको मात्र पुनराबेदन परेको थियो । बिदेश भागेका हरी प्रशाद आचार्य र निरज राना मगरले न त पुनराबेदन नै गरे र न त उच्च अदालत पाटनले भ्फभ्फि गर्दा उपस्थित भए ।

जे होस जम्मा चार जनाले पुनराबेदन दिएकोमा दुइ जना पहिल्यै जेल चलान भइसकेको परिबेशमा पुनराबेदनको रोहमा फैसला भइ जिल्लाकै आदेश सदर भइसके पछि फैसला कार्यन्बयनको प्रकिया शुरु भयो । सोहि कममा नेपाल प्रहरी अर्न्तगत सिआइबिको बिशेष टोलीले उच्च अदालतको फैसला भएको करीब ४८ दिन पछि मिति २०८१ साल चैत्र ८ गते कसुरदार योगेन्द्र रावललाइ पकाउ गरेकोमा निज अदालती प्रकिया मुताबिक जेल चलान भए ।

साढे चार बर्ष पछि पकाउ परी उनी जेल चलान मात्र भएको के थिए, यो कुरा गृह मन्त्रि रमेश लेखकले थाहा पाए । उनले आइजिपी दीपक थापालाइ फोन गरी किन पकेको भनेर सोधे । आइजिपि थापाले के रहेछ हजुर म बुभ्फ्छु भने । त्यसपछि आइजिपि सरले सिआइबिमा कस्ले पकेको रहेछ भनेर केरकार गरे । अदालतको फरार लिष्टमा रहेको ब्यक्ति पक्रियो भनेर फिल्ड अफिसरलाइ पुरष्कार होइन दण्ड दिइयो । म आइजिपि भएर सिआइबिबाट यता आउनै पाएको छैन, पक्रिने भनेर आइजिपीले तथानाम गाली गरेर फिल्ड अफिसरको हुर्मत लिए ।

फरार ब्यक्ति पकेकोमा, कानुन कार्यन्बयन गरेकोमा जुन अधिकृतलाइ धाप मार्नु पर्ने थियो, स्याबासी दिनु पर्ने थियो, जस्को पिठ सहलाउनु पर्ने थियो, डाँठ दिइयो र हपारियो । अपराधिलाइ पकेकोमा ती अधिकृतको तेजोबोध गरियो । परिणामस्वरुप कठघरामा आउन बाँकि तीन जना कारबाहिको दायरामा नै आएनन । देशभित्रै रहेका रुपेश साहलाइ पकाउ नगर्न आदेश जारि भएपछि उम्किनका निम्ति देश छाडि कमशः अमेरिका भागेका हरी प्रशाद आचार्य र अष्ट्रेलिया हिंडेका निरज राना मगरलाइ त भ्फनै हाइसञ्चो गराइयो । तीनलाइ डिपोर्टका निम्ति नेपालस्थित अमेरिकन र अष्ट्रेलियन एम्बेसिले पहल प्रयत्न गरेपनि प्रहरीले त्यस्लाइ अघि बढन दिएन ।


यसरी गृहमन्त्रि र आइजिपि अदालत र न्यायधिश भन्दा माथि भए । सिङ्गो प्रहरी संङ्गठनलाइ गृहमन्त्रिको भ्फोलाभित्रको संङ्वठनमा परिणत गरियो । गलत गरेको खण्डमा म आफ्नो बाबुलाइ पनि छाड्दिन भनि खाएको सत्य सेवा शुरक्षणमको कसम लाइ आइजिपिले अपराधिको पाउमा चढाए । राम्रा र बहादुर प्रहरी अधिकृतले निराशा र हिनताबोधको शिकार हुनु पर्‍यो । उनीहरुलाइ नगरेको गल्ति महशुश गराइयो । यसरी प्रहरी संङ्गठनलाइ कसुरदारको सेवामा समर्पित गरियो । बहालवाला गृह मन्त्रि र आइजिपिले यस्तो काम गरे जुन पहिला केही हिन्दि फिल्ममा मात्र देखिन्थ्यो । प्रहरीले

गुण्डा, हत्यारा र अपराधिसंङ्ग साँठगाँठ गरि पिडितलाइ बाँच्न मुश्किल बनाएको परिदृश्य यहाँ पनि देखियो ।

यसरी देशको शुरक्षाको बागडोर हातमा लिएका गृहमन्त्रि र आइजिपिले अदालतको आदेशको समेत ठाडो अबज्ञा गरि गम्भिर फौज्दारी अभियोगमा दुइ बर्षको कैद सजाय तोकिएका तीन जना कसुरदार रुपेश साह, हरि प्रशाद आचार्य र निरज राना मगरलाइ कानुनी कठघरामा ल्याउनु त कता हो, कता उल्टै संरक्षण गरी जोगाउने काम गरेको, लुक्न, भाग्न, भगाउन र लुकाउन समेत मद्दत गरेकाले, मेरो मृत्युको आदेश दिने, योजना बनाउने, रेकि गर्ने र आक्रमण गर्ने हत्याराहरु बाहिर छाति फुलाएर हिडिरहेकाले मेरो ज्यू, ज्यान जोखिममा रहेकाले मेरो शान्तीपूर्बक बाँच्न पाउने हकको रक्षा गरि पाउँ । साथै वहालवाला गृहमन्त्रि र आइजिपिको यो तहको अपराधको संरक्षणले मेरो सम्मानपूर्बक बाँच्न पाउने हक, र न्यायको हक समेत कुण्ठित भएकोले निजलाइ अदालतको आदेश अबज्ञा गरेकोमा कारबाहि गरिपाउँ । साथै स्वदेशमै रहेका रुपेश साहलाइ तत्काल पक्राउ गर्न र अमेरिका भागेका हरी प्रशाद आचार्य र अष्ट्रेलिया भागेका निरज राना मगरलाइ डिपोर्टको निम्ति पहल गर्न गृह मन्त्रि र प्रहरी महानिरीक्षक दुबै जनाको नाममा निर्देशनात्मक आदेश जारी गरिपाउँ ।

लेखिएको व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरे कानुनबमोजिम सहूँला बुझाउँला ।

निवेदक



प्रेम बहादुर चलाउने

जाहेवाला पिडित

ईति सम्बत् २०ड८२ साल जेष्ठ महिना २३ गते रोज ६ मा शुभम्...................................।